प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
कोशी प्रदेश, भोजपुर, नेपाल

पत्र संख्या :- ०८०/०८१
चलानी नं. :- ३६

मिति:- २०८०/०६/०५

विषय :- सूचना टाँस गरि दिने सम्वन्धमा ।

श्री स्थानीय तह सबै,
भोजपुर ।

उपरोक्त सम्वन्धमा यस कृषि ज्ञान केन्द्र भोजपुरको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषि विकास कार्यक्रम र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, मकै व्लक विकास कार्यक्रमको प्रस्ताव अव्हान सम्वन्धि मिति २०८०/०६/०५ गते प्रथम पटक प्रकशित सूचना पाना संख्या तीन (३) यसै पत्र साथ संलग्न गरि पठाईएको छ सो सूचना ताहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी दिनु हुन अनुरोध छ ।

..................
( गणेश खत्री )
निमित्त प्रमुख

Email:-akcbhojpur130@gmail.com ०२९-४२०१३०

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
कोशी प्रदेश, भोजपुर, नेपाल

प.सं:- ०८०/०८१
सूचना नं.

# प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०६/०५

कृषि ज्ञान केन्द्र भोजपुरको आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार "प्रदेश कृषि व्यवसाय अनुदान नियमावली २०७८" वमोजिमको शर्तहरुको अधिनमा रही देहायका कार्यक्रमहरू कार्यान्वयनका लागि साझेदारीमा संचालन गर्न इच्छुक भोजपुर जिल्लाका कृषक समूह/कृषि सहकारी/संस्था/कम्पनी /कृषि उद्यमी र कृषि फर्महरुवाट यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८०/०६/२५) गते कार्यालय समय भित्र तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नु गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

संचालन गरिने कार्यक्रमहरू

| क्र.सं | क्रियाकलापहरुको विवरण | इकाई | परिमाण | प्रति इकाई साझेदारी रकम रु. (लाखमा) | प्रस्ताव पेश गर्न सक्ने संभावित साझेदारहरू | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | व्यवसायिक फलफूल बगैंचा स्थापना सहयोग | संख्या | १० | ३.० | कृषक समूह/कृषि सहकारी संस्था र कृषि फर्म | |
| २ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | संख्या | ३ | ३.० | कृषक समूह/कृषि सहकारी संस्था र कृषि फर्म | अरूण, पौवादुङमा, टेम्केमैयुङ गा.पा. र भोजपुर न.पा. को मध्ये पहाडी लोक मर्गा असपासको क्षेत्र |
| ३ | गड्यौली मल उत्पादन तथा प्राङ्गारिक मल सुधार कार्यक्रम | संख्या | १ | १०.० | कृषक समूह/कृषि सहकारी संस्था | |
| ४ | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम | संख्या | १६ | १.० | महिला, दलित, बिपन्न तथा पिछडिएको समुदायका कृषि उद्यमीहरु | PAN नम्वर पेश गर्नु पर्नेछ । |
| ५ | युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम | संख्या | २५ | १.० | १८ देखि ५० बर्ष उमेर ननाघेका कृषि उद्यामीहरू | PAN नम्वर पेश गर्नु पर्नेछ । |
| ६ | मागमा आधारित कार्यक्रम | संख्या | २० | १.० | कृषक समूह/ कृषि फर्म/कृषि उद्यमी | हाल सम्म कुनै पनि निकायवाट कृषि व्यवसाय सञ्चालनार्थ अनुदान नलिएका |
| ७ | सुन्तलाजात बगैंचा व्यवस्थापन एवं सुदृढिकरण कार्यक्रम | संख्या | १० | १.० | कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म | सुन्तला जोन विकास कार्यक्रम लागु नभएको स्थानिय तह तथा वडाहरुमात्र |
| ८ | रैथाने वाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | २ | ३.० | कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म | २० रोपनी क्षेत्रफलको क्लष्टर निर्धारण गरि अवेदान गर्नु पर्नेछ । |
| ९ | मकैको उन्नत वीउ उत्पादन कार्यक्रम | संख्या | ३ | १.५ | कृषक समूह/कृषि सहकारी संस्था/ | |
| १० | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | क्लष्टर (४० हे.को | ४ | ६.० | कृषक समूह/कृषि सहकारी संस्था | एक स्थानिय तह भित्र ४० हेक्टर क्षेत्रफलको क्लष्टर निर्धारण गरी आवेदन पेश गर्नु पर्नेछ । |

Email:-akcbhojpur130@gmail.com ०२९-४२०१३०

निमित्त प्रमुख

CamScanner

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
कोशी प्रदेश, भोजपुर, नेपाल

प.सं:- ०८०/०८१
सूचना नं.

**प्रस्तावसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू:**

१. रु १० को टिकट टाँस गरि तोकीएको ढाँचामा निवेदन।
२. "प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८" को अनुसूची २ अनुसारको प्रस्तावना पत्र ।
३. कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुको दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपी, *PAN* वा *VAT* प्रमाण-पत्रको प्रतिलिपी, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि, निर्णय प्रतिलिपि र सहकारीको हकमा आ.व. २०७९/०८० को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी ।
४. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।
५. जग्गा धनीपुर्जा प्रमाण-पत्रको प्रतिलिपी/जग्गा करारमा लिएको भए १० वर्षे करार सम्झौता गरेको सम्झौता पत्रको प्रतिलिपी ।
६. सम्वन्धित स्थानिय तहको सिफारिस पत्र।(सिफारिस पत्रमा सोही प्रकृतिको अनुदान स्थानिय तहबाट लिए नलिएको खुलाउनु पर्नेछ)
७. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागी अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र पेश गर्नु पर्नेछ।
८. कृषि सम्वन्धि अनुभव तथा तालिमको प्रमाण-पत्रहरू भएमा सोको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
९. विगत तीन आर्थिक वर्ष भित्र कृषि व्यवसाय सञ्चालनको लागि संघिय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा परियोजनाहरूबाट अनुदान लिएको देखीएमा उक्त प्रस्तावकको प्रस्ताव छनौट प्रकृयमा समावेश गरिने छैन ।
१०. निवेदन दर्ता दस्तुर देहाय वमोजिमको राजश्व राष्ट्रिय बाणिज्य बैंक लिमिटेडमा दाखिला गरी सक्कल भौचर आवेदन साथ पेश गर्नुपर्नेछ

| क्र.सं | आवेदकको प्रकृति | दर ( प्रति आवेदन ) |
|---|---|---|
| १ | कृषक समुह/कृषि सहकारी संस्था/संस्थान र निजि कृषि फर्महरुको हकमा | रु २०० |
| २ | व्यक्तिगत कृषि उद्यमीहरूको हकमा | रु १०० |

राजश्व खाता रहेको बैंक :- राष्ट्रिय बाणिज्य बैंक लिमिटेड
कार्यालयको कोड :- ३१२०१०७०११
राजश्व शिर्षक :- १४२२९

खाता नं.:- १०००१००२०१०१०००१
कार्यालयको नाम :- कृषि ज्ञान केन्द्र भोजपुर
वापत :- निवेदन दस्तुर

माथि उल्लेखित कार्यक्रमहरुमा प्रस्तावना पेश गर्नका लागि आवश्यक पर्ने प्रस्तावनाको ढाँचा र सम्वन्धित कार्यक्रम सञ्चालन सम्वन्धि मापदण्ड कृषि ज्ञान केन्द्र भोजपुरबाट प्राप्त गर्न सक्नुहुनेछ । थप जानकारीको लागि कृषि ज्ञान केन्द्र भोजपुरको फोन नं. ०२९- ४२०१३०, सुचना अधिकारी श्री विशाल राई ९८५२०६५१३०, मा सम्पर्क राख्नु हुन साथै कृषि विकास निर्देशनालय कोशी प्रदेश विराटनगरको वेवसाईट www.doad.p1.gov.np बाट <u>प्रदेश कृषि अनुदान कानुन</u> डाउनलोड गरि जानकारी लिन सक्नुहुनेछ।

पुनश्चः- उल्लेखित कार्यक्रमहरू "प्रदेश कृषि व्यवसाय अनुदान नियमावली २०७८" र "प्रदेश कृषि व्यवसाय प्रवर्द्धन मापदण्ड २०७८" तथा कोशी प्रदेश सरकारको स्विकृत/संशोधित मापदण्डमा भएको व्यवस्था अनुसार मात्र कार्यक्रम सञ्चालन हुनेछ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

( गणेश खत्री )
निमित्त प्रमुख

Email:-akcbhojpur130@gmail.com ☎ ०२९-४२०१३०

CamScanner

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
कोशी प्रदेश, भोजपुर, नेपाल

प.सं:- ०८०/०८१
सूचना नं.:-

## व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम माग गर्ने सम्वन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०६/०५

यस कृषि ज्ञान केन्द्रको आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत भोजपुर जिल्लामा तपशिलका वाली/वस्तुहरुमा नयाँ व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७" बमोजिम सञ्चालन गर्न ईच्छुक भोजपुर जिल्ला भित्रका कृषक समुह/कृषि सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन ( मिति २०८०/०६/२५ गते ) कार्यालय समय भित्र ब्लक विकास कार्यक्रम माग आवेदन दर्ता गर्नु हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु क्षेत्र निर्धारणको लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

**सञ्चालन हुने ब्लक विकास कार्यक्रम**

| क्र.सं. | वाली | संख्या | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | मकै | १ | १०० हेक्टर ( २००० रोपनी ) | |

थप जानकारीको लागि कृषि ज्ञान केन्द्र भोजपुरको फोन नं. ०२९-४२०१३०, सूचना अधिकारी श्री विशाल राई ९८५२०६५१३०, मा सम्पर्क राखु हुन साथै कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिहंदरबारको वेवसाईट **www.moald.gov.np** बाट "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७" डाउनलोड गरि जानकारी लिन सक्नुहुनेछ ।

**संलग्न गर्नु पर्ने कागजातहरु :-**

१. १० को टिकट टाँस गरिएको निवेदन।
२. कृषक समूह र कृषि सहकारीको दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपी, *PAN* वा *VAT* प्रमाण-पत्रको प्रतिलिपी, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि, निर्णय प्रतिलिपि र सहकारीको हकमा आ.व. २०७९/०८० को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी ।
३. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।
४. जग्गा धनीपुर्जा प्रमाण-पत्रको प्रतिलिपी/जग्गा करारमा लिएको भए १० वर्ष करार सम्झौता गरेको सम्झौता पत्रको प्रतिलिपी
५. सम्वन्धित स्थानिय तहको सिफारिस पत्र।(सिफारिस पत्रमा सोही प्रकृतिको अनुदान स्थानिय तहवाट लिए नलिएको खुलाउनु पर्नेछ)
६. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागी अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र पेश गर्नु पर्नेछ।
७. अनुसूची - ७ वमोजिमको विवरण ।
८. विगत तीन आर्थिक वर्ष भित्र कृषि व्यवसाय सञ्चालनको लागि संघिय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा परियोजनाहरूवाट अनुदान लिएको देखीएमा उक्त प्रस्तावकको प्रस्ताव छनौट प्रकृयमा समावेश गरिने छैन ।
९. निवेदन दर्ता दस्तुर देहाय वमोजिमको राजश्व राष्ट्रिय वाणिज्य वैंक लिमिटेडमा दाखिला गरी सक्कल भौचर आवेदन साथ पेश गर्नुपर्नेछ

| क्र.सं | आवेदकको प्रकृति | दर ( प्रति आवेदन ) |
|---|---|---|
| १ | कृषक समुह/कृषि सहकारी संस्था/संस्थान र निजि कृषि फर्महरुको हकमा | रु २०० |

राजश्व खाता रहेको वैंक :- राष्ट्रिय बाणिज्य वैंक लिमिटेड
खाता नं.:- १०००१००२०१०१०००१
कार्यालयको कोड :- ३१२०१०७०११
कार्यालयको नाम :- कृषि ज्ञान केन्द्र भोजपुर
राजश्व शिर्षक :- १४२२९
वापत :- निवेदन दस्तुर

नोट :- अनुसूची ६ अनुसारको आवेदनको ढाँचा र अनुसूची ७ कृषि ज्ञान केन्द्र भोजपुरवाट प्राप्त गर्न सक्नुहुनेछ ।

..................
( गणेश खत्री )
निमित्त प्रमुख

CamScanner